# अध्याय 3: आप्रवासन विषयहरू

## Hong Kong परिचय पत्र (आइडी कार्ड) को लागि आवेदन

यदि तपाईं 11 वा सो भन्दा बढीको नयाँ आगमन भएमा र 180 भन्दा बढी दिनका लागि हङ कङमा बस्ने अनुमति दिइएको छ भने, तपाईंले आगमनको 30 दिन भित्र आइडी कार्डको लागि दर्ता गर्नुपर्छ। तपाईंको पहिलो परिचय पत्र निशुल्क छ।

तल सूचीबद्ध गरिए अनुसार कुनै पनि व्यक्तिको दर्ता आप्रवासन विभाग कार्यालयमा आफ्नो आइडी कार्डको आवेदन दिनुहोस्। आफ्नो राहदानी वा अन्य यात्रा कागजातहरू आफूसँग ल्याउन सम्झिनुहोस्।

| कार्यालयको नाम | ठेगाना | टेलिफोन | फ्याक्स |
|---|---|---|---|
| Registration of Persons - Hong Kong Office | 8/F, Immigration Tower 7 Gloucester Road Wan Chai, Hong Kong (MTR Wan Chai Station - Exit A5) | 2824-6111 | 2824-1810 |
| Registration of Persons - Kowloon Office | 3/F, Cheung Sha Wan Government Offices 303 Cheung Sha Wan Road Kowloon (MTR Sham Shui Po Station - Exit C1) | 2150-7933 | 2369-4825 |
| Registration of Persons - Kwun Tong Office | Office 3, 2/F, Manulife Financial Centre 223-231 Wai Yip Street Kwun Tong, Kowloon (MTR Kwun Tong Station - Exit B1) | 2755-9545 | 2795-3625 |
| Immigration and Registration of Persons - Fo Tan Office | Shops 405-407, 4/F Jubilee Square 2-18 Lok King Street Fo Tan, NT (MTR Fo Tan Station - Exit C) | 2653-3116 | 2650-4766 |

| | | | |
|---|---|---|---|
| Registration of Persons – Tuen Mun Office | 3/F, Tuen Mun Siu Lun Government Complex, 19 Siu Lun Street Tuen Mun (Light Rail Sam Shing Stop) | 2653-1035 | 2653-1079 |
| Immigration and Registration of Persons - Yuen Long Office | 1/F, Yuen Long Government Offices, 2 Kiu Lok Square Yuen Long, NT (MTR Long Ping Station – Exit E) (Light Rail Hong Lok Road Station) | 2475-4114 | 2474-3962 |

तपाईंलाई अपोइन्टमेन्ट निर्धारण गर्नको लागि वा आवेदन फाराम पहिले नै आप्रवासन विभागको मोबाइल एप्लिकेसन मार्फत वा निम्न वेबसाइट:
www.gov.hk/en/residents/immigration/idcard/hkic/bookregidcard.htm मार्फत गर्न सल्लाह दिइन्छ।
तपाईंले **2598-0888** मा 24-घण्टा टेलिफोन अपोइन्टमेन्ट बुकिङ प्रणाली मार्फत पनि एपोइन्टमेन्ट दिन सक्नुहुन्छ।

***चेतावनी:***
***दर्ता अधिकारीहरूलाई सधै वस्तुहरूको बारेमा साँचो रिपोर्ट गर्नुहोस्। अन्यथा, तपाईंलाई थुनामा राख्न सकिन्छ वा जरिवाना लगाउन सकिन्छ।***

**परिचय पत्र राम्रोसँग राख्ने**

परिचय पत्र धेरै नै महत्वपूर्ण कागजात हो, र कानुन अनुसार तपाईंको साथमा यो जहिले पनि हुनैपर्छ। यसलाई तपाईंले सजिलै पहुँच गर्न सक्ने स्थानमा राम्रो अवस्थामा राख्नुहोस्।

समय समयमा प्रहरीद्वारा तपाईंलाई आफ्नो परिचय पत्र देखाउनको लागि भनिन सक्छ। यो तिनीहरूको जागिरको नियमित पक्ष हो त्यसैले नआत्तिनुहोस्।

यहाँ याद राख्नुपर्ने अन्य दुई कुराहरू छन:

- तपाईंको आइडी कार्ड हराएको, नष्ट भएको, बिग्रिएको वा क्षतिग्रस्त भएको छ भने, तपाईंले 14 दिनभित्रमा त्यसता जानकारी र व्यक्तिको कुनै पनि दर्ता कार्यालयमा प्रतिस्थापन कार्डको लागि रिपोर्ट गर्नुपर्छ।
- यदि तपाईंको "दर्ता गरिएका विषयहरू" (जस्तै वैवाहिक स्थिति, आवासीय ठेगाना, आदि) मा कुनै परिवर्तन छ भने, तपाईंले व्यक्तिको दर्ता कार्यालयमा सूचित गर्नुपर्छ।

**निवासीको लागि**

***आश्रित भिसा***

आश्रित भिसाको लागि व्यक्ति हङकङ आउनु भन्दा अघि, र व्यक्तिको निवास स्थान नजिकै रहेको विदेशी चिनियाँ कुटनीतिक र कन्सुलर मिसनलाई निवेदन दिनुपर्छ। वैकल्पिक रूपमा, हङकङ आप्रवासन विभागमा निवेदन सिधै पोष्ट गरेर वा हङकङमा तल दिइएको ठेगानामा प्रायोजन गरेर पठाउन सकिन्छ:

**Receipt and Despatch Sub-unit, Immigration Department**
2/F, Immigration Tower, 7 Gloucester Road, Wan Chai, Hong Kong

तपाईंलाई निवेदनमा भर्नुपर्ने आवश्यक कुराहरूको लागि आप्रवासन विभागमा बुझ्न सुझाव दिइन्छ। हङकङमा आश्रित आवास भएकाहरूको प्रवेशको लागि निर्देशिका “हङकङमा आश्रितहरूको आवासको लागि प्रवेश” (ID(E) 998) पनि छ जुन आप्रवासन विभागको जानकारी र लिसन खण्ड 2/F, Immigration Tower, 7 Gloucester Road, Wan Chai, Hong Kong बाट प्राप्त गर्न सकिन्छ वा आप्रवासन विभागको वेबसाइट ww.immd.gov.hk. बाट डाउनलोड गर्न सकिन्छ। सामान्यरूपमा, निवेदनलाई सहायता गर्न तल दिइएका कागजातहरू हुनैपर्छ:

- प्रायोजकको आश्रित व्यक्तिसँगको सम्बन्धको प्रमाण; र
- प्रायोजकको आर्थिक स्तर र निवास स्थानको प्रमाण।

***आवास अधिकार***

प्रत्येक व्यक्तिको परिस्थितिका आधारमा आवास अधिकार जटिल विषय हुनसक्छ। जब तपाईंले निवेदन पेश गर्नुहुन्छ तपाईं हङकङमा कानुनी रूपमा बसेको हुनैपर्छ। सोधपुछको लागि, कृपया आप्रवासन

विभागको हटलाइन **2824-6111** मा फोन गर्नुहोस्। हङकङ विशेष प्रशासनिक क्षेत्रमा वासस्थानको अधिकारको बारेमा विस्तृत विवरणहरूका लागि, कृपया आप्रवासन विभागको वेबसाइट: www.immd.gov.hk/eng/services/roa/term.html मा जानुहोस्।

***विवाह दर्ता***

यदि तपाईंले हङकङमा विवाह गर्ने चाहना राख्नुभएको छ भने, विवाह या त दक्ष मन्त्रीद्वारा पुजा गर्न अनुमति प्राप्त स्थानमा, पञ्चाधिकारीद्वारा विवाह दर्ता कार्यालयमा होस् वा विवाहको नागरिकको पुजारीद्वारा हङकङको कुनै अन्य स्थानमा, तपाईंले दिइएको फाराम मा लक्षित विवाहको सूचना विवाह दर्ता कार्यालययको व्यक्तिलाई वा विवाहको नागरिक पुजारीद्वारा पहिले नै दिनु आवश्यक छ। व्यक्तिलाई सूचना दिन, **3102-3883** मा फोन गरेर वा वेबसाइट www.gov.hk/en /residents/ immigration/bdmreg/marriage/bookgivingmarriage.htm मार्फत अग्रिम भेटसमय लिनको लागि 24-घण्टा भेटसमय बुकिङ प्रणाली प्रयोग गर्न तपाईंलाई सुझाव दिइन्छ। काउन्टरमा सूचना दिनको लागि प्रकिया गर्न लाग्ने समय कम गर्न, सूचना दिन तपाईंले सफलतापूर्वक भेटसमय बुकिङ गरीसकेपछि अनलाइनमा जानकारी पाना "विवाह दर्ताको लागि आवश्यक जानकारी" (Form MR21B) पहिले नै बुझाउन तपाईंलाई सुझाव दिइन्छ।

यदि तपाईंले आफ्नो विवाहको नागरिक पुजारीद्वारा गर्ने निणर्य गनुर्भएको छ भने, तपाईंले "नियुक्त गरिएका विवाहका नागरिक पुजारीहरूको सूची" हेर्न सक्नुहुन्छ र दिइएको आप्रवासन विभागको वेबसाइट
www.immd.gov.hk/eng/services/marriage/Civil_Celebrants_of_Marriage_Scheme. html मा अन्य अद्यावधिक गरिएका जानकारी पाउन सक्नुहुन्छ:

विवाह दर्ता सम्बन्धमा थप विवरणको लागि, कृपया Immigration Department को वेबसाइट: https://www.immd.gov.hk/eng/services/marriage.html मा जानुहोस्। तपाईंले Information and Liaison Section of the Immigration Department, 2/F, Immigration Tower, 7 Gloucester Road, Wan Chai, Hong Kong बाट प्राप्त गर्न सकिने पुस्तिका "विवाह दर्ताको लागि कसरी निवेदन दिने" र "विवाह पार्टीको जानकारी पुस्तिका" पढ्न पनि सक्नुहुन्छ।

***जन्म दर्ता***

जन्म र मृत्यु दर्ता नियमको 7 खण्डमा ( क्याप 174), बच्चा जन्माएका हरेक आमाबुवाले जन्मपश्चात 42 दिनको अवधिभित्र जन्म दर्तामा बच्चाको जन्मको दर्ता गर्नको लागि आवेदन दिनुपर्नेछ। यदि कसैले जानीजानी कानूनद्वारा आवश्यक अनुसार बच्चाको जन्म दर्ता गर्न असफल हुनुभयो भने त्यो अपराधी

अपराध हो। अपराधीहरूलाई अधिकतम दण्डमा $2,000 सम्मको जरिवाना वा छ महिना सम्मको जेल सजाय हो। ढिला दर्ता गर्नाले चिकित्सा उपचार, शिक्षा र कल्याण लाभहरूमा आफ्ना बालबालिकाको अधिकारहरूबाट वञ्चित गरिने हुनाले अभिभावकहरूलाई आफ्ना बालबालिकाको जन्म दर्ता गराउन आवश्यक पर्छ।

अस्पतालमा जन्मिएका बच्चाको जन्म दर्ताको लागि बच्चाको उपस्थिति आवश्यक छैन, तर यात्रा कागजातको लागि पछि भरिने निवेदनमा बच्चाको उपस्थिति आवश्यक छ।

बच्चाको जन्म दर्ताको लागि निम्न वास्तविक कागजातहरू आवश्यक छन्:

- आमाबुवाको विवाह दर्ताको प्रमाणपत्र (यदि विवाह दर्ताको प्रमाणपत्र चिनियाँ वा अंग्रेजीमा लेखिएको छैन् भने, यस्ताको प्रमाणपत्र अनुवादन आवश्यक हुन्छ); र
- आमाबुवाको हङकङको स्थायी परिचय पत्रहरू (हङकङका स्थायी निवासीहरूका लागि); वा
- आमाबुवाको परिचय पत्रहरू र वैध यात्रा कागजातहरू (उदाहारण राहदानी, पहिचान कागजपत्र, आदि) (हङकङको निवासीहरूका लागि); वा
- अभिभावकहरूको हङ कङ आगमनमा यात्रा कागजातहरू (उदाहरण: पासपोर्टहरू, हङकङ र मकाउबाट यात्रा गर्नको लागि प्रस्थान-प्रवेश अनुमति आदि।) (हङकङ निवासीहरू नभएकाको लागि)

माथि उल्लेखित कागजातहरू आप्रवासन व्यवस्था (Cap.115) अनुसार बच्चाको हङकङमा स्थायी आवास भएको स्थिति प्रमाणित गर्ने उद्येश्यको लागि सामान्यरूपमा उपयुक्त हुन्छ। मामिलाको प्राकृतिकमा आधारित भएर, तपाईंलाई अन्य सहायक कागजातहरू पेश गर्न आवश्यक हुनसक्छ।

कृपया रेकर्ड उद्देश्यका लागि हङकङ आप्रवासन विभागद्वारा जारी नगरिएको आवश्यक कागजातहरूको प्रतिलिपिहरू पनि उपलब्ध गराउन आवश्यक हुन्छ।

यदि बच्चा जन्मेको 42 दिनभित्र जन्म दर्ता गरिएको छ भने दर्ता शुल्क आवश्यक छैन। तथापि, जन्म दर्तापछि प्राप्त हुने जन्म प्रविष्टीको प्रत्येक प्रमाणित प्रतिलिपिको लागि शुल्क लिइनेछ।

तपाईंको बच्चाको जन्मदर्ताको लागि, **2598-0888** मा फोन गरेर वा वेबसाइट www.gov.hk/en/residents/immigration/bdmreg/birth/birthreg/book मार्फत भेटसमय निश्चित गर्नको लागि 24-घण्टा भेटसमय बुकिङ प्रणाली प्रयोग गर्न आवश्यक छ।
birthreg.htm. भेटसमय बुकिङ गर्नु अघि दर्ता अधिकारीलाई सम्बन्धित अस्पतालले बच्चाको जन्म अभिलेख प्रदान गरेको छ कि छैन निश्चित गर्न तपाईंले अस्पतालमा अनुसन्धान गर्नुपर्छ। काउन्टरमा जन्म दर्ता गर्नको लागि प्रकिया गर्न लाग्ने समय कम गर्न, तपाईंको बच्चाको जन्म दर्ताको लागि सफलतापूर्वक

भेटसमय बुकिङ गरिसकेपछि अनलाइनमा जानकारी पाना "जन्म दर्ताको लागि आवश्यक जानकारी" (Form BDR93A) पहिले नै बुझाउन पनि तपाईंलाई सुझाव दिइन्छ।

जन्म दर्ता सम्बन्धमा थप जानकारीका लागि, कृपया Immigration Department को वेबसाइट: https://www.immd.gov.hk/eng/services/birth-death-marriage-registration.html मा जानुहोस्। तपाईंले Information and Liaison Section of the Immigration Department, 2/F, Immigration Tower, 7 Gloucester Road, Wan Chai, Hong Kong बाट प्राप्त गर्न सकिने पुस्तिका "जन्म दर्ताको लागि कसरी निवेदन दिने" पढ्न पनि सक्नुहुन्छ।

*मृत्यु दर्ता*

सम्बन्धित व्यवस्था अनुसार, यो 24 घण्टाभित्रमा प्राकृतिक कारणहरूबाट मृत्यु दर्ता गर्ने सूचक(मृतकको नजिकका नातेदार वा अन्य आफन्त) को लागि कर्तव्य हुनेछ।

सामान्यतया, मृत्यु हुनेको नातेदार, जो सूचक हो, ले आफूसँग मृत्यु दर्ताको लागि निम्न कागजातहरू ल्याउनुपर्छ:

- उसको बिरामीको अन्तिम समयमा मृत्यु हुँदा उपस्थित भएको आधिकारिक चिकित्सकद्वारा हस्ताक्षर गरिएको "मृत्युको कारणको चिकित्सा प्रमाणपत्र" (Form 18);
- मृतकको हङकङको परिचयपत्र कार्ड / यात्रा कागजात; र
- सूचकको हङकङ परिचयपत्र कार्ड / यात्रा कागजात।

दर्ता गर्ने उद्येश्यको लागि सूचकले दर्ता अधिकारीलाई थप जानकारी दिन आवश्यक छ जस्तो कि मृतकको पेशा, राष्ट्रियता, वैवाहिक स्थिति, आदि।

दर्ताको लागि शुल्क लाग्ने छैन। तथापि, मृत्यु दर्तापछि प्राप्त हुने मृत्यु प्रविष्टिको प्रत्येक प्रमाणित प्रतिलिपिको लागि शुल्क लिइनेछ।

अप्राकृतिक कारणबाट मृत्यु भएको अवस्थामा (जस्तै विष, हिंसा, आदि।), यस्तो घटना कोरोनरलाई सूचित गरिन्छ। कोरोनरले मृत्युको कारण निश्चित गर्न पोष्ट-मार्टम जाँच वा खोजतलास गर्नसक्छ। सामान्यतया, कोरोनरलाई मृत्युको कारण पत्ता लगाउन करीब एकदेखि छ महिना लाग्छ। जब मृत्युको कारण निश्चित हुन्छ र कोरोनरद्वारा जानकारी गराइन्छ, दर्ता अधिकारीद्वारा एक हप्ताभित्रमा मृत्यु दर्ता गरिन्छ, जसले बदलामा पत्रद्वारा मृतकको नातेदारलाई जानकारी दिन्छ। यस्ता अवस्थाहरूमा सबै परिक्षणहरू जन्म र मृत्यु जेनेरल दर्ता कायार्लयको **2867-2784** मा सुम्पिनुपर्छ।

मृत्युदर्ता सम्बन्धमा थप जानकारीको लागि, कृपया आप्रवासन विभागको वेबसाइट: https://www.immd.gov.hk/eng/services/birth-death-marriage-registration.html मा जानुहोस्। तपाईंले Information and Liaison Section of the Immigration Department, 2/F, Immigration Tower, 7 Gloucester Road, Wan Chai, Hong Kong बाट प्राप्त गर्न सकिने पुस्तिका "मृत्यु दर्ताको लागि कसरी निवेदन दिने" पढ्न पनि सक्नुहुन्छ।

## विदेशी घरेलु कामदारको लागि

### *मेरो भिसाको अवधि कहिले समाप्त हुन्छ ?*

हङकङमा तपाईंको आगमनपछि, यहाँ बस्नको लागि तपाईंलाई कति समयसम्म अनुमति छ भन्ने स्पष्ट लेखिएको राहदानीमा अवतरण छापले अनुमोदन गर्नेछ। यदि तपाईं हङकङमा विदेशी घरेलु कामदारको रूपमा नयाँ जागिर सम्झौता अनुसार काम गर्न आउनु भएको छ भने, हङकङमा तपाईंको बसाईको सीमा सामान्यतया दुई वर्षको हुनेछ। तथापि, यदि बढाइएको एक वर्षको अवधिभित्र घर बिदा लिइसकेपछि आफ्नो सम्झौतापत्र जारी राख्न तपाईंले हङकङमा प्रवेश गर्नुभयो भने, तपाईंले आफ्नो राहदानीमा अवतरण स्लिपमा उल्लेख गरिएको बसाई सीमा ख्याल गर्नुपर्छ। यदि तपाईंको सम्झौतालाई समयावधि भन्दा पहिले नै निलम्बित गरिएको छ भने, तपाईंलाई सम्झौता निष्कासन गरेको मितिबाट दुई हप्ता वा तपाईंको बसाई सीमा नसकिँदासम्म, यी दुईमध्य जुन अगाडि आउँछ त्यसैको लागि हङ कङमा बस्ने अनुमति दिइन्छ।

***चेतावनी:***

1. ***यो भ्रममा नपर्नुहोस् कि तपाईंको सम्झौतापत्रको समयावधि सकिएको अर्थ हङकङमा तपाईको बसाईको अन्त्य हो। वास्तविक समयावधि सकिने मिति भनेको तपाईंको राहदानीमा अवतरण स्लिप उल्लेख गरिएको बसाई सीमा हो।***

2. ***अनुमति दिइएको समय भन्दा धेरै नबस्नुहोस्। तपाईं थुनामा पर्न सक्नुहुनेछ र जरिमाना लाग्न सक्नेछ। तपाईंले आफ्नो सजाय पुरा गरिसकेपछि तपाईंलाई हङकङबाट बाहिर पनि हटाउन सक्छ।***

### *हङकङमा पुन: प्रवेश*

HKSAR का गैर-स्थायी बासिन्दाहरू (विदेशी घरेलू कामदारहरू सहित) लाई तिनीहरूको राष्ट्रियता र यात्रा कागजातको प्रकार जे भए पनि, हङकङले उपलब्ध गराएको प्रवेशको लागि पुन: प्रवेश भिसा

आवश्यक छैन तिनीहरू अनुमति दिइएको बसाई सीमाभित्र फर्किन सक्छन् र तिनीहरूले प्राप्त गरेको आवास स्थितिको परिस्थितिहरू परिवर्तन हुदैनन्।

***रोजगार राहदानीको नवीकरण***

यदि तपाईंको सम्झौतापत्र यसको पूरै 2-वषर्को अवधि ("पूर्ण सम्झौतापत्र") मा चलिरहेको छ भने, उही मालिकद्वारा तपाईंले सम्झौतापत्र नवीकरण गर्न निवेदन दिन सक्नुहुन्छ। तपाईंले "विदेशबाट घरेलू कामदारको लागि राहदानी / बसाईको समय बढाउने निवेदन फाराम" (ID 988A) पूरा गर्नुपर्छ जब कि तपाईंको मालिकले "विदेशबाट घरेलू कामदार रोजगारको लागि निवेदन" (ID 988B) पूरा गर्नुपर्छ।

सामान्य परिस्थितिमा, सम्झौतापत्रको समय समाप्त भैसकेपछि तपाईं आफ्नो मूल देशमा फर्किनुपर्छ र हङकङमा फर्किनको लागि नयाँ सम्झौतापत्र सुरू गर्न राहदानीको लागि निवेदन दिनुपर्छ। यदि परिस्थितिले पुरानो सम्झौतापत्रको समयावधि सकिएपछि तपाईंलाई आफ्नो बिदाको लागि मूल स्थानमा फर्किन अनुमति दिएन भने, तपाईंको मालिकसँग आपसी समझदारीमा, बिदालाई स्वीकार गर्न तपाईंले बसाईको समयावधि बढाउनको लागि निवेदन दिन सक्नुहुन्छ। तपाईं र तपाईंको रोजगारदाताले आवेदनका लागि ID 988A र ID 988B का सम्बन्धित भागहरू क्रमसँग पूरा गर्नुपर्छ। आवेदनमा, एक्टेन्सन शुल्कको भुक्तानमा सामान्यतया बसाई एक्टेन्सन एक वषर्भन्दा नबढने गरी आप्रवासनको निर्देशकद्वारा स्वीकृति दिन सकिन्छ। तपाईंले आफ्नो मूल स्थानमा एक-वर्ष बढाइएको अवधिभित्र फर्किन व्यवस्था गर्नुपर्छ र सम्झौतापत्र पूरा गर्न हङ्कङ्ग प्रवेश गर्न (राहदानी शुल्क नलाग्ने र दिइएको बसाई अनुमतिको वैधता हुने) राहदानी प्रयोग गर्नुपर्छ।

तपाईंको रोजगार समान रोजगारदातासँग जारी राख्नका लागि तपाईंको रोजगार भिसा नवीकरण गर्न, तपाईंसँग समान रोजगारदातासँगको नयाँ रोजगार सम्झौता हुनुपर्छ। निवेदन फारामको विवरणको लागि, कृपया "विदेश घरेलू कामदार रोजगारको लागि निर्देशिका" (ID(E) 969)र विदेश घरेलू कामदार रोजगारको लागि छोटो निर्देशिका" (ID(E) 989) हेर्नुहोस्। तपाईंले निम्न ठेगानामा आफ्नो राहदानीमा बसाई सीमा सकिनु आठ हप्ता अगावै रोजगार राहदानी नवीकरणको लागि उही मालिकसँग आफ्नो निवेदन फाराम पेश गर्नुपर्छ:

| | |
|---|---|
| Foreign Domestic Helpers Section | 3/F, Immigration Tower<br>7 Gloucester Road, Wan Chai, Hong Kong |
| East Kowloon Office | Level 2, Sceneway Plaza, Sceneway Garden<br>1-17 Sceneway Road, Lam Tin, Kowloon |
| West Kowloon Office | G/F, 28 Kimberley Street, Tsim Sha Tsui<br>Kowloon |

| | |
|---|---|
| Sha Tin Office | 3/F, Sha Tin Government Offices<br>1 Sheung Wo Che Road, Sha Tin, NT |
| Fo Tan Office | Shops 405 - 407, 4/F, Julibee Square<br>2-18 Lok King Street, Fo Tan, NT |
| Tuen Mun Office | 2/F, Tuen Mun Siu Lun Government Complex<br>19 Siu Lun Street, Tuen Mun, New Territories |
| Yuen Long Office | 1/F, Yuen Long Government Offices<br>2 Kiu Lok Square, Yuen Long, NT |

अरू नभइ आफैले पेश गर्नेमा, यस्ता निवेदन फारामहरू निम्न तरीकाले पनि दिन सकिन्छ:

(a) पोष्ट गरेर - विदेशी घरेलू कामदार सेक्सनमा सम्बोधित गरेर;

(b) ड्रप-इन - ड्रप-इन बाकसहरू विदेशी घरेलू कामदार सेक्सनमा प्रदान गरीन्छन्; र

(c) अनलाइन - www.gov.hk/en/residents/immigration/nonpermanent/apply मा extensionstay/index.htm.

***आवास अधिकार***

यदि तपाईंलाई हङकङमा घरेलू कामदारको रूपमा रोजगारीको लागि ल्याइएको छ भने, यहाँ तपाईंको आवास मार्फत वासस्थानको अधिकार प्राप्त गर्न सक्नुहुन्न र हङकङको परिचयपत्र कार्डको लागि आधिकारिक हुनहुन्न।

**आयातित कामदारको लागि**

यदि तपाईं हङकङमा पूरक कामदार योजनामा ल्याइएको कामदारको रूपमा आउनुभएको छ भने, तपाईंले HKSAR मा काम गर्न बसाईको समय अवधिका लागि रोजगार सम्झौताको समाप्तिको लागि बसाई मितिको समाप्ति सीमा भन्दा अघि चार हप्ता भित्रसम्म आवेदन दिन सक्नुहुन्छ। बसाईको समय अवधिको लागि निम्नलाई आवेदन पेश गर्नुपर्छ:

**Quality Migrants and Mainland Residents Section,**
**आप्रवासन विभाग**
6/F, Immigration Tower, 7 Gloucester Road, Wan Chai, Hong Kong

निवेदन फारामको विवरणको लागि, कृपया "हङकङमा रोजगारको लागि ल्याइएको कामदारहरूको प्रवेशको लागि निर्देशिका" (ID(E) 1002) सँग सम्बन्ध राख्नुहोस्।

### *आवास अधिकार*

यदि तपाईंलाई हङकङमा रोजगारको लागि कामदारको रूपमा ल्याइएको छ भने, यहाँ तपाईंको आवास मार्फत वासस्थानको अधिकार प्राप्त गर्न सक्नुहुन्न र हङकङको परिचयपत्र कार्डको लागि आधिकारिक हुनहुन्न।

### सोधपूछहरू

आप्रवासनको बारेमा जान्नको लागि, कृपया यसमा सम्पर्क गर्नुहोस्:

**Information and Liaison Section, Immigration Department**
2/F, Immigration Tower, 7 Gloucester Road, Wan Chai, Hong Kong

टेलिफोन: **2824-6111**
फ्याक्सः **2877-7711**
E-mail: enquiry@immd.gov.hk
वेबसाइट: www.immd.gov.hk

### टिप्पणी र सुझावहरू

यदि तपाईं आप्रवासन कर्मचारीबाट प्राप्त गर्नुभएको सेवाबाट सन्तुष्ट हुनुहुन्न भने, कृपया:

- उत्तरदायी अधिकारीलाई त्यही नै यस विषयलाई उठाउनुहोस्; वा
- कार्यालयको समयमा ग्राहक सेवा यूनिटको **2829-4141** वा **2829-4142** मा फोन गर्नुहोस्; वा
- मुख्य आप्रवासन अधिकारी (व्यवस्थापन लखापरीक्षक) लाई लेख्नुहोस्
  - Immigration Tower, 7 Gloucester Road, Wan Chai, Hong Kong मा पत्रचार गरेर; वा
  - enquiry@immd.gov.hk मा इ-मेल गरेर; वा
  - **2827-0662** मा फ्याक्स गरेर